## सूचना ४

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ईश्वरबहादुर श्रेष्ठ २०४५।८।७ देखि ९ गतेसम्म श्रीलंकाको कोलोम्बोमा हुने "नयाँ महासागरीय पद्धतिको परिप्रेक्ष्यमा हिन्द महासागरीय सामुद्रिक कार्यमा आर्थिक, वैज्ञानिक एवं प्राविधिक सहयोग" सम्बन्धी स्थायी समितिको तेस्रो बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव डा. गजेन्द्रमणि प्रधानलाई मिति २०४५।८।५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना १

सडक विभागका चीफ इन्जिनीयर श्री नारायणदत्त शर्मा तेस्रो राजमार्ग अन्तर्गत १५ दिनको लागि विदेश भ्रमणमा जानुभएकोले निज फर्की नआएसम्मको लागि सो चीफ इन्जिनीयर पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही विभागका सुपरिण्टेण्डिङ इन्जिनीयर श्री रामबाबु शर्मालाई मिति २०४५।६।२३ देखि का. मु. मुकरर गरिएको छ ।

आज्ञाले,
मुक्तिप्रसाद काफ्ले
श्री ५ को सरकारको सचिव

२८४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।